10 marks

## Rules regarding of consideration (प्रतिफलका नियमहरु)

1. प्रस्तावकको अनुरोध अनिवार्य (Request of the promisor is essential)

→ प्रतिफलको नियमानुसार प्रस्तावकले तोकेको रकम स्वीकृति जनाउने व्यक्तिले स्वीकार गर्नुपर्छ। स्वीकृति जनाउने व्यक्तिले सो रकममा प्रतिप्रस्ताव गर्न पाउँदैनन्।

'A' भन्ने व्यक्तिले 'B' भन्ने व्यक्तिलाई रु.1000 मा एउटा घडी बेच्छु भने 'B' ले रु 800 दिन्छु A ले स्वीकार गर्दैन।

2. प्रतिफल कानुन बमोजिम हुनुपर्छ (Consideration must be lawful)

प्रतिफल कानुन बमोजिम हुनुपर्छ। अवैध रुपमा कमाएको सम्पत्ति प्रतिफलको रुपमा प्रयोग गर्न मिल्दैन। यदि कसैले कसैलाई कुनै सम्पत्ति दिन्छ भने त्यो सम्पत्तिको स्रोत खुलेको हुनुपर्छ। स्रोत नखुलेमा त्यस सम्पत्ति गैरकानुनी मानिन्छ। यस्तो सम्पत्ति प्रतिफलको रुपमा प्रयोग भएकोमा त्यस्तो करार अमान्य हुन्छ।

3. प्रतिफल वास्तविक हुनुपर्छ (Consideration must be real)

प्रतिफल प्रत्यक्ष देखिने प्रकारको हुनुपर्छ। पुरा गर्न नसकिने, काल्पनिक, आफ्नो क्षमता र स्तर भन्दा बाहिरको रकम

पाठशाला

प्रतिफलका रुपमा कबुल गर्नु हुदैन।

'A' भन्ने व्यक्तिले २ वर्ष पहाडी 'B' लाई ३१ करोड फिर्ता कबुल गर्छ तर त्यसको क्षमता ३१ करोड फिर्ता गर्ने छैन।

४. केहि मुल्यमा हुनुपर्छ (Consideration must be some value)

कानुनको नजरमा प्रतिफल भनेको केहि मुल्यमा आधारित वस्तु हो। सेवा, वस्तु वा नगदै भएपनि प्रतिफलका रुपमा दिने वस्तु केहि मुल्य बोकेको हुनुपर्छ। मूल्य बिनाको प्रतिफल जुवा, बाजी वा उत्तेजना हो।

५. प्रतिफल पर्याप्त हुन जरूरी छैन (Consideration need to be adequate)

करारको आवश्यक तत्व भए पनि कुन वस्तु तथा सेवाको लागि कति प्रतिफल हो भन्ने कुनै आधार छैन। करार गर्ने दुइ पक्षको विश्वास र आपसी तय गरिएको त्यहि नै प्रतिफल हुन्छ। कुनै समय प्रतिफल कम हुन पनि सक्छ कुनै समय बढि पनि। यस्तै सामान तथा सेवाको प्रतिफल परिस्थितीले कमबढि हुन सक्छ।

६. प्रतिफल भूत, वर्तमान र भावी हुन सक्छ (Consideration may be past, present and future)

Page No.:
Date:

१. प्रतिफल सकरात्मक र नकरात्मक हुन्छ (-ve or +ve)

- कुनै कार्य गर्ने गरिएको प्रतिज्ञा बापत प्राप्त हुने प्रतिफल सकरात्मक प्रतिफल हो।
- कुनै कार्य नगर्ने गरी गरिएको प्रतिज्ञाबाट प्राप्त प्रतिफल नकरात्मक प्रतिफल हो।
- कुनै सामान खरिद गर्दा वा सेवा लिँदा प्राप्त हुने प्रतिफल सकरात्मक हुन्छ। कुनै वस्तु वा सेवा प्राप्त गर्दा त्यस्तो व्यक्तिलाई प्रभावमा पारी लिएको प्रतिफल नकरात्मक हुन्छ।

प्रतिफलका नियमका अपवादहरु (Exception to general rules of considration)

Imp

1) Love and affection (प्रेम र स्नेह) – (1 pr. तल)
- प्रतिफल करारको महत्वपूर्ण आधार हो। करारले कानुनी मान्यता पाउनका लागि प्रतिफल हुन जरुरी छ। विना प्रतिफल गरिएको करार करार नभएर सट्टा उपहार मात्र हुन्छ। प्रतिफलका नियमले पनि अभिव्यक्त रुपमा प्रतिफलको महत्वपूर्ण स्थान हुन्छ भनि स्वीकार गरेको छ। प्रतिफलको नियममा उल्लेख भएजस्तै जुनसुकै अवस्थामा प्रतिफलका नियमहरु लागु नहुन पनि सक्छन्। यसरी लागु नहुने अवस्थालाई प्रतिफलका नियमका अपवादहरु भनिन्छ। निम्न अवस्थामा प्रतिफलका नियमहरु लागु हुँदैनन्।

Page No.:
Date:

करार हुनुभन्दा पहिले गरेको काम, सेवा वा नगदबाट प्राप्त प्रतिफल लाई भूत प्रतिफल भनिन्छ। यस्तो प्रतिफलको लागि प्रतिफल प्राप्त गर्ने व्यक्तिले भूतकालमानै कार्य सम्पन्न गरेको हुनुपर्दछ। जस्तै: रामको पासबुक हरिले भेटाएर हरिले रामलाई दिन्छ भने त्यसबापत रु.५०० प्राप्त गर्नु भूतकालीन प्रतिफल हो।
करार सृजना हुने समयमानै कुनै कुराको लेनदेन गरिन्छ भने त्यस्तो प्रतिफल वर्तमान प्रतिफल हो। जस्तै: किताब किन्नु। करार सृजना भइसकेपछि भविष्यमा दुवै समयमा प्राप्त गर्नेगरी गरिएको करार भविष्यमा प्राप्त हुने प्रतिफलको कुरा हो। फुलबारी ठेक्कापट्टाहरु, सामान ढुवानी, कर्मचारी वा शिक्षकको तलब भत्ता आदि

6. प्रत्यक्ष वा अप्रत्यक्ष प्रतिफल (may be Direct or Indirect)

मूल्य वा सेवा नगदमा भुक्तानी गरिन्छ भने त्यस्तो प्रतिफल प्रत्यक्ष प्रतिफल हो। कुनै कार्यको बदलामा कार्य नै गरी प्रतिफल उपलब्ध गराइन्छ भने त्यस्तो प्रतिफल अप्रत्यक्ष प्रतिफल हो।
श्यामले आफ्नो छोरालाई ट्युसन पढाए बापत गोपाल लाई साइकल प्रदान गर्नु अप्रत्यक्ष प्रतिफल हो भने नगद प्रदान गर्नु प्रत्यक्ष प्रतिफल हो।

(कारण)
स्वेच्छाले गरेको

- ▷ promise to compensate (क्षतिपूर्ति भरिदिने करारमा)
- ▷ Contract to pay time barred debt (भाका नाघेको ऋण प्राप्त भएमा) तिर्ने प्रतिज्ञा)
- ▷ Gift (उपहार)
- ▷ Agency (अभिकरण)
- ▷ Agreement specified by law (कानुनद्वारा तोकिएको सम्झौता) : जीवन बीमा

## Contractual capacity (करारिय क्षमता)

- ✓ Minor (10-15-18 year) (असक्षम - अर्धसक्षम - सक्षम)
- ✓ Person of unsound mind (मानसिक असन्तुलन भएको व्यक्ति)
- ✓ Disqualified Person (कुनै तथा केही व्यक्ति)
  - प्रधानमन्त्री
  - राष्ट्रपति
  - राजदूत
  - कैदिहरु
  - एकल महिला
  - विवाहित महिला

Date :

## Contractual capacity (करारिय क्षमता)

Valid (वैध) करारका आवश्यक तत्वहरु मध्य करार गर्ने क्षमता पनि एक महत्वपूर्ण तत्व हो। करारमा संलग्न पक्षहरु कुनैपनि तरिकाले कमजोर छन भने उनीहरुले गरेको करार पनि कानुनी रुपमा कमजोर हुन्छ। असक्षम व्यक्तिहरु संग गरिएको करार सम्पन्न हुन नसकेमा त्यसको कानुनी उपचार हुँदैन।

करारिय क्षमता भनेको व्यक्तिमा करार गर्दा हुनुपर्ने आवश्यक सक्षमता हो।

भारतिय करार ऐनमा करारीय क्षमताको सन्दर्भमा भनिएको छ, " प्रत्येक त्यस्तो व्यक्ति करार गर्न योग्य हुन्छ, जो देशको प्रचलित कानुन अनुसार वयस्क हुन्छ, स्वस्थ्य हुन्छ र मानसिक रुपमा सन्तुलित हुन्छ, यो बाहेक अन्य कुनै व्यक्तिलाई कानुनद्वारा करार गर्न योग्य मानिदैन।"

नेपाल कानुनले पनि करारको लागि अयोग्य मान्न तिन व्यक्तिलाई कहन्याएको छ।

1. Minor
2. person of unsound mind
3. disqualified person

- राष्ट्रपति
- प्रधानमन्त्री
- राजदुत
- एक्लै महिला
- विवाहित महिला
- कैदिहरु
- होस ठेगाना नभएको व्यक्ति (c)

(देवानी आचारसंहिता 2068 दफा 508

Date :

(11) Person of unsound mind (मानसिक स्थिति ठिक नभएका व्यक्ति)

- Idiot / Mad (मुर्ख / पागल)
- Lunatics / Intoxicated person (पागल / मातिएको)
- Drunken (मातिएको) (Drunken)

मानसिक स्थिति ठिक नभएको व्यक्ति भन्नाले दिमागले काम गर्न नसक्ने वा गरेका कार्यको आफ्नोका कुराको परिणाम के हुने भन्ने सम्बन्धमा आफ्नो विवेकले छुट्याउन नसक्ने व्यक्ति भन्ने सम्झनुपर्दछ। यस्तो व्यक्तिले गर्ने कार्य (आफ्नो हितमा भएपनि त्यस्तो कार्य) प्रति महत्व दिदैन।

भारतीय करार ऐन १८७२ को मा स्वस्थ्य मानसिकता मानिस जुन करार गर्ने समयमा करारका शर्त हरु स्पष्ट रुपमा बुझ्न र आफ्नो हितमा त्यसो कुराले कस्तो असर पार्दछ भन्ने कुरा विवेचना गर्न नसक्ने व्यक्ति नै मानसिक स्थिति ठिक नभएको व्यक्ति हो।

मानसिक स्थिति ठिक नभएका व्यक्तिको सन्दर्भमा तिन वटा कुरा महत्वपूर्ण देखिन्छ :

1. करारको प्रकृति विषयवस्तु बारे प्रष्ट बुझ्ने,
2. करारको असर वा परिणाम विश्लेषण / विवेचना क्षमता, ~~हुनुपर्ने~~

① Minor (नाबालक)

कानुनले तोकेको उमेर पुरा नभएको व्यक्तिलाई नाबालक भनिन्छ। नाबालकले गरेको करार कानुनी रुपमा मान्य हुँदैन। नाबालकलाई आफुले गरेको करारबाट आफुलाई लाभ वा हानी के हुन्छ भन्ने कुराको राम्रो ज्ञान हुँदैन त्यसैले नाबालकलाई करारको लागि अयोग्य व्यक्ति मानिन्छ।

नाबालकसँग करार गर्दा निम्न कुराहरुमा ध्यान दिनुपर्छ

i) वैधता (validity) (BOOK 106)

ii) स्वीकार गर्न नसकिने (No ratification)

iii) नाबालकको फाइदाको लागि गरेको करार (Contract for benefit of minor)

उदाहरण : विमाको रकम भुक्तानी पाउने, ~~व्यक्तिको~~ फाइदाको लागि उमेर नपुगेपनि पाउने

iv) साझेदारको रुपमा नाबालक (Minor as partner)

v) शेयर होल्डर / अंशियारको रुपमा नाबालक (minor as a shareholder)

vi) अभिकर्ताको रुपमा नाबालक (Minor as an Agent)

vii) टाट पल्टिनु (Insolvent)

viii) आवश्यक वस्तुको परिपूर्ति (Liability necessary things)

ix) संरक्षकले गरेको करारमा नाबालकको हैसियत (Contract by minor's Guardian)

Date:

→ सामाजिक अवस्था, स्वास्थ्य, मर्यादा पहिचान
→ होश ठेगान नभएको व्यक्तिको परिवारले जिम्मा लिनुपर्ने सामान्यतया त्यहाँ भएतापनि हितमा भएको भए
→ होश ठेगान भएको समयमा करार गरेको हो भनि साक्षी बस्नुपर्ने (गाउले + डाक्टर)
→ पूर्ण सुरक्षाको जिम्मेवारी लिएमा र निजको हितमा गर्ने भए, होश ठेगान नभएको व्यक्तिको करार वैध हुने
→ मानविय हैसियतले फिडआएको पूर्ण सेवासुविधा दिनुपर्ने,

Persons Disqualified by Law (कानुनद्वारा अयोग्य घोषित भएका व्यक्तिहरु)

✓ शत्रुपक्षका नागरिक (Alien Enemy)

दुईदेश बिच युद्ध चलिरहेका बेला एक राज्यले अर्को राज्यलाई शत्रु राज्य घोषणा गरेको हुन्छ र त्यस्तो देशका नागरिकपनि एकआपसमा शत्रु नै कहलिन्छन् । युद्ध चलिरहेको अवस्थामा विपक्षि राज्य अनलागसँग कुनैपनि प्रकारको करार वैध मानिदैन । विदेशी शत्रु भनेको हुन्छ त्यस्ता युद्ध चलिरहेका देशका जनताहरु नै हुन । एकले अर्कोलाई शत्रुको हैसियतले हेरिरहेका हुन्छन् । युद्ध पूर्व करार भए युद्धअवधि भर निष्क्रिय र समाप्ती पश्चात मान्य हुन्छ

✓ person who have The diplomatic privilage.
(कुटनीतिक हैसियत भएका व्यक्तिहरु)

✓ मानसिक स्थिति ठिक नभएको व्यक्ति भनेर कानुनले मानसिक रोगी, स्वाँठ, सोच्ने शक्ति पूर्ण रुपमा गुमेको, पागल, बौलाहा, बुढ्यौली लागेको व्यक्ति, सुरापान गर्ने, लागु औषध प्रयोग गर्ने व्यक्ति आदिलाई जनाएको छ।

बुढ्यौली लागेको - उमेरसँगै स्मरण शक्ति गुम्नु
सुरापान - रक्सी सेवन
स्वाँठ - गैरजिम्मेवारी / नियन्त्रण विनाको / भनेको नमान्ने

जीवनमा सफल हुनको लागी :

A: Active
B: Beautiful
C: Character चरित्र
D: Discipline
E: Educated
F: Fund

(Legal effects of agreement with / by person of unsound mind,
मानसिक अवस्था ठिक नभएका व्यक्तिहरुसँगको करारको वैधता

---

1. होश ठेगान नभएको व्यक्तिको पहिचान
2. " " " हरुसँग भएको करारको परिणाम
3. होश परिवर्तन भइरहने अवस्था
4. संरक्षकले गरेको करारको कानुनी मान्यता
5. होश ठेगान नभएको व्यक्तिहरुको सेवा सुविधा

## स्वतन्त्र सहमति (Free Consent)

करारका अन्य सम्पूर्ण प्रक्रिया वैधानिक भएपनि करारका पक्षमध्ये कुनै पक्षको स्वतन्त्र सहमतिको अभाव रहन्छ भने त्यस्तो करार कानुनी रुपमा मान्य हुँदैन । करार गर्दाका समय करार गर्ने दुवै पक्ष हरु कसैको दवावमा नपरी आफु स्वतन्त्र छु र करारबाट हुने फाइदा वा हानीप्रति जिम्मेवार छु भन्ने ठानेर करार गर्दछ भने त्यस्तो करार स्वतन्त्र सहमतिमा भएको करार मानिन्छ ।

कसैको प्रभावमा परी झुक्याई, झुक्याउर, जोर गरीको करार कानुनद्वारा बदर करार हो। ~~करारको सम्बन्धमा~~ स्वतन्त्र सहमतिको सम्बन्धमा नेपालको देवानी आचार (संहिता) २०७४ मौन छ। भने भारतीय करार ऐन ~~क्षम~~ १८७२ मा सहमतिको सम्बन्धमा निम्न व्यवस्था गरेको छ।

"Two and more person are said consent when they agree upon the same thing in the same sense."

दुई वा दुई भन्दा बढी पक्षहरु जो करारका समयमा कुनै विषयमा सम्झौता गर्दा एउटाले भनेको कुरा जस्ताको तस्तो रुपमा स्वीकार्छ भने त्यहाँ स्वतन्त्र सहमति भएको मानिन्छ ।

Page No.:
Date:

- राजदुत तथा कुटनीतिज्ञका कर्मचारी
  (Ambassadors and accrediated representatives of foreign state)
- ~~प्रधानमन्त्री~~
- राजदुत

→ आफ्नो देश बिच भएका क्रियाकलाप आफ्नो देशको सरकार संग आदानप्रदान गर्ने अन्तर्राष्ट्रिय कानुन प्रदान गरेको व्यक्तिहरुलाई कुटनैतिक, उन्मुक्ति प्रदान गरिएको हुन्छ राष्ट्राध्यक्ष (राष्ट्रपति), सरकार प्रमुख, राजदुत, वाणिज्यदुत आदि व्यक्तिहरुलाई अदालतमा मुद्दा चलाउन नसकिने भएकाले करार गर्ने हैसियत नभएका व्यक्ति मानिएको हो।

✓ कैदी (convict)

✓ Bankrupt or Insolvent person (टाट पल्टेको / दामासाहीमा परेको)

✓ Married Women (वैवाहिक स्वास्नी मानिस)

✓ Cooporation / company or legal person (संस्थान कम्पनी र कानुनी व्यक्ति)

✓ Professional status (व्यवसायिक अवस्था)

Page No. : ______
Date :

## importance of free consent (स्वतन्त्र सहमतिको महत्व)

1. पक्षहरुको करार गर्ने आत्म निर्णयको सम्मान गर्ने
2. मनासिव क्रियाकलापलाई उत्प्रेरित गर्ने
3. पक्षहरुको इच्छाको सम्मान गर्ने
4. जिम्मेवारी
5. टिकाउ
6. असल सम्बन्ध कायम राख्न

Vitiating elements of free Consent and their effects (स्वतन्त्र सहमतिमा प्रभावपार्ने तत्वहरु)

1. Coercion (करकाप)
2. undue Influence (अनुचित प्रभाव)
3. misrepresentation (मिथ्यावर्णन) (~~झुटा वर्णन~~)
4. Fraud (जालसाज) (झुठा वर्णन)
5. mistake (भूल)

## Coercion (करकाप)

कसैलाई डर, धाक, त्रास देखाई उसको सम्पत्ति र इज्जतमा बाधा पुग्ने गरी गरिएको सम्झौतालाई करकाप बाट भएको सम्झौता भनिन्छ। यस्तो गरिएको करार वा सम्झौता कानुनी रुपमा अमान्य हुन्छ। कानुनी भाषामा करकाप भन्नाले कसैलाई कुनै कार्य गर्न बाध्य तुल्याउने प्रक्रिया हो। यो अरुको इच्छा विपरित हुन्छ। यसमा कसैको ज्यान र इज्जतमा धक्का पुग्ने कार्य

गरेको वा प्रचलित कानुन विपरित कार्य गरेको अनुमान गरिन्छ।

सधैं र सबै अवस्थामा करार वा सम्झौता गर्दा करकाप भएको भन्न मिल्दैन। कोहीले कुनै करारको पक्षलाई अनावश्यक झञ्झट गर्न करकाप गरेको भन्ने प्रचलन पनि छ, त्यसैले अवस्था मा करकाप सम्बन्धी स्पष्ट कानुनी व्यवस्था छ। कानुनमा निम्न अवस्थामा गरेको करार लाई करकापमा भएको करार भन्न नमिल्ने गरी उल्लेख गरिएको छ।

Special cases of non Coercion:

1. A Threat to prosecute (मुद्दा दिने धम्कीमा भएको करारमा करकाप भएको मानिदैन

2. A Threat to Commit Suicide (आत्महत्या गर्ने धम्की दिएर गरेको करार)

3. High price (उच्च मूल्य)

4. High interest (उच्च ब्याजदर)

Page No.: ______
Date: ☐☐☐

# Undue Influence (अनुचित प्रभाव)

अनुचित प्रभाव भनेको नैतिक दवाव हो।

कुनै व्यक्तिको फाइदाको लागी कमजोर स्थितीमा रहेको व्यक्तिको इच्छालाई दवायर कुनै व्यक्तिले आफ्नो फाइदा हुन्छ भने यस्तो गलत पार्टीयालाट हुने करार अनुचित प्रभावलाट भएको करार हो। अनुचित प्रभावमा आफ्नो मातहतमा भएका व्यक्तिहरु मानसिक रुपमा दवाव दिएर कुनै कार्य गर्न प्रेरित गरिन्छ।

मुलुकी आचारसंहिता, २०७४ मा आफ्नो प्रभावमा रहेको, आफ्नो इच्छा अनुसार काम गराउन सक्ने व्यक्तिबाट आफ्नो हितका स्वार्थमा कुनै अनुचित लाभ उठाउन कमजोर व्यक्तिमाथी पारेको प्रभावलाई अनुचित प्रभाव हो भनिएको छ। यसमा निम्न अवस्थाहरु हुन्छन्:

1. Real or Apparent Authority (वास्तविक वा प्रत्यक्ष अधिकारको प्रयोग)
   हाकिम - अन्य कर्मचारी, मालिक - कामदार, ठेकेदार - श्रमिक

2. Fiduciary relationship (पारस्परिक सम्बन्ध)
   गुरु - शिष्य, डाक्टर - विरामी, साहु - ऋणीहरु

3. Mentally or phisically weak person (मानसिक वा शारीरिक कमजोर व्यक्ति)
   वृद्ध, मानसिक रोगी, गरिब

Date :

## अनुचित प्रभावको नमुना

- ✓ प्रतिफलको अपर्याप्तता
- ✓ अनुचित कारोबार
- ✓ पारस्परिक सम्बन्ध भएका व्यक्ति सँगको कारोबार
- ✓ प्रत्यक्ष रुपमा देखिने गरी अधिकारको हस्तान्तरण
- ✓ कमजोर वा वृद्ध वा असक्षम व्यक्तिसँगको करार

मिथ्यावर्णन : वर्णनगरेको कुराहरु वर्णन वोलीमा मेल नखाएमा त्यसलाई मिथ्यावर्णन मानिन्छ।

Group: A:

1. What is law? Define.
2. Distinguish between national and international.
3. What is legislation?
4. What is preeedent?
5. What is contract?
6. What is vaid agreement?
7. Distinguish between agreement & contract
8. What is an offer? Define.
9. Define the term contractual capacity
10. Who is alien enemy? (विदेशी शत्रु)
11. Who is the person of unsound mind?
12. What do you mean by civil law and criminal law.
13.

## Group: B :

① What is law? State nature of law.

② State and explain different types of law.

③ Give the concept of business law and explain its importance.

④ Who are parties disqualified to contract?

⑤ What is consideration? State the rules regarding of consideration.

W.I. ✓ ⑥ State and exception to the rules " No consideration No contract " (अपवादहरू)

✓ ⑦ Explain the major provisions of the civil code 2074 relating to contract law.

⑧ Define Business law. Explain any three major sources of Nepali Business law.

⑨ What is acceptance? Give the legal rule regarding acceptance.

⑩ What is offer? explain the rules regardi

✓ ⑪ What is valid contract? Explain the essential elements of vaild contract.

✓ ⑫ Who is minor? Explain rules regardin minor's agreement.

⑬ What is procedural law? How does it different with subtantative law? explai

⑭

Void agreement and it's conditions (शुन्य करार
———— र यसको अवस्था) ————

Void agreement - कानुनले गलत मानेको, नगौं भनेको
Void contract - करार पश्चात विविध कारणको माध्यम ले कानुनले गलत मानेको

कानुनी रुपमा अमान्य करारलाई शुन्य करार भनिन्छ। शुन्य करारको कानुनी अस्तित्व हुँदैन। यसलाई अदालतबाट लागु गराउन पनि सकिँदैन।
निम्न अवस्थामा करार शुन्य हुन्छ:

- प्रचलित कानुनले रोक लगाएको पेसा, व्यवसाय सँग भएको करार,
- कानुनी व्यवस्था बाहेक विवाहमा रोक लगाउने करार,
- सर्वसाधारणले भोगचलन गरेको सुविधामा रोक लगाउने करार,

पाठशाला

Unlawful agreement (यो पनि पढ्नु पर्छ हो)

(i) Illegal (ii) Immoral (iii) opposed to public policy

800

बाजीमा निम्न प्रक्रिया वा तत्वहरु समावेश हुन्छन्।

1) भविष्यमा कुनै वस्तु वा सेवा लिनेदिने सम्झौता हुन्छ।
2) बाजीको घट्ने घटना वा कार्य भविष्य संग सम्बन्धित हुनुपर्दछ।
3) बाजीमा घट्ने घटनाको बारेमा दुवै पक्ष अनभिज्ञ हुनुपर्दछ। (स्वीकार्य)
4. दुवैपक्षलाई एक पक्षको हार र एक पक्षको जीत हुनुपर्दछ।
5. बाजीमा एक पक्षको हार र एक पक्षको जीत हुनुपर्दछ।

## Contingent contract (संयोगिक करार)

भविष्यमा घट्नसक्ने अनिश्चित घटनामा आधारित करार (शर्त) सर्तित करारलाई संयोगिक करार भनिन्छ। भविष्यमा कुनै घटना भएमा वा नभएमा लागु हुनेगरी सम्झौता गरिएको यस्तो करारका पक्षहरु तत्काल दायित्वमा नबाँधि भविष्यमा हुने घटनासंग सम्बन्धित हुन्छन्। बिमा जस्ता करारहरु संयोगिक करार हुन्। यसका केहि सामान्य नियमहरु यसप्रकार छन् :

✓ भविष्यमा कुनै अनिश्चित घटना घटेमा लागु हुने (जीवन बिमा)

✓ भविष्यमा कुनै घटना घटेमा (जस्तै: पशु बिक्री, सामान प्राप्त भएमा दिने सम्झौता)

Page No. :
Date :

३. असम्भव भएमा
४. आचारणसँग सम्बन्धित धारणा

10 marks

## Quasi Contract (अर्धकरार)

"No One most grow rich out of anothers cost/ expense."

देवानी आचारसंहिता परिच्छेद ५, दफा ६४८-६६३ सम्म

करारले कानुनीमान्यता प्राप्त गर्न करारका आवश्यक तत्वहरु पुरागरेको हुनुपर्दछ। प्रस्ताव, स्वीकृति, स्वतन्त्र सहमति, प्रतिफल, करारीय क्षमता जस्ता तत्वहरुको समावेश नभएमा औपचारिकरार वैध हुदैन। मानिसहरुको कहिलेकाँही आपसीव्यवहार सञ्चालनगर्न र विशेष परिस्थितिका कारण करारका आधारभूत तत्वको अभावमा करारको सृजनाहुन्छ। त्यस्तो करारलाई अर्धकरार भनिन्छ।

अर्धकरार समन्यायको सिद्धान्तमा आधारितछ। यस सिद्धान्तमा, अर्काको सम्पत्तिले कोहि धनी हुनु हुदैन' भन्ने अवधारणा राखेको छ। यो साधैअर्थमा करार होइन तर करारीय अवस्थामा सृजनाहुने समस्या समाधानगर्न अदालतले परिकल्पनागरेको उपायमात्र हो। तर वर्तमान समयमा यो एकमहत्वपूर्ण विषय बन्न पुगेकोछ।

करारऐन २०५६मा यससम्बन्धि छुट्टै व्यवस्था थिएन, देवानी आचारसंहिता २०७४को परिच्छेद ५ दफा

पाठशाला

Page No.:
Date:

६४८ देखी ६६३ सम्म कार्यकरार सम्बन्धी व्यवस्था गरिएको छ।

qusai - almost but not quite

## Rules regarding quasi Contract

→ 1. आवश्यक वस्तुको आपूर्ति

→ करार गर्न असक्षम र आश्रित व्यक्तिहरुले प्रयोग गरेको वस्तु वा सेवाको मूल्य संरक्षकबाट असुल गरि लिन सकिन्छ। रोगी, पागल, नाबालक, आदि व्यक्तिहरु बसेको सहारामा बस्दा उसले गरेको खर्च उसको अभिभावकले सहारा दिने मानिसलाई तिर्नुपर्दछ।

2. भूलले वा करकापले दिएको रकम

→

कहिलेकाहीँ भूलले पाउने बढि रकम आउन सक्दछ। यस्तो रकम फिर्ता गर्ने करार नभएपनि कानुनीरुपमा फिर्ता गर्नुपर्ने हुन्छ।
जस्तै: Everest Bank का cashier ले 1000 दिने ठाउँमा 10000 पठाएमा बाँकि फिर्ता गर्नुपर्दछ।

3. सरोकारवालाले दिएको / लिएको रकम

→ तिर्नुपर्ने रकम तिरेपछि त्यस्तो रकम असुल गर्ने कानुनी आधार हुन्छ। जस्तै: नोकरले चलाएको गाडीको कारण दुर्घटना भएमा क्षतिपूर्ति भर्ना मालिकले गर्नुपर्दछ।

Page No. :
Date :

५. सङ्कुलक कार्यबाट प्राप्त प्रतिफल

→ कसैलाई काम गराए बापत पारिश्रमिक दिनुपर्ने भए सो पारिश्रमिक अर्धकरार समान हुन्छ।
अपवाद : वेतनमार्फत गरी औजारमा करार नगरेतापनि पारिश्रमिक दिनुपर्छ।

६. मालसामान भेटाएमा

→ भेटाएको सामान सामानको मालिकलाई फिर्ता गर्नुपर्छ यदि फिर्ता गरिएन भने त्यो गैरकानुनी हुन्छ। यसरी फिर्ता गरिने सामान अर्धकरारको नियमानुसार हराउनेवालेले प्राप्त गर्ने अधिकार हुन्छ।

७. आफ्नो जिम्माको कार्य

VVI

**Who can demand performance of contract?**
**(करारको परिपालना कसले गराउन सक्छ ?)**

1. कबुलगाहिता (promisee) - कागजमा सहि गर्ने व्यक्ति
2. हकवाला (Heiris) - श्रीमती, सन्तान, छोराछोरी
3. तेस्रो पक्ष (Third person) - वकिल, लेखापाल, third party प्राविधिक, कर्ताहरु
4. संयुक्त कबुलगाहिता (Joint promisee)

पाठशाला

Date :

Unit-3 ## Bailement (नासो)

(रु.25,000 भन्दा तलको) को लिखीत राख्नु नपर्ने

दैनिक व्यवहार सञ्चालनको क्रममा एक मानिसले अर्को मानिसको विश्वासमा पछि आफैले फिर्ता लिनेगरी आफ्नो सरसामानहरू (घडी, साइकल, मोटरसाइकल, गहना) दुवानीगर्न, मर्मतगर्न वा सुरक्षितराख्न दिन्छ भने त्यस्तो सामानलाई नासो भनिन्छ। यसरी राखिएको धनमाल निश्चित समयसम्म राख्ने व्यक्तिले सुरक्षित राखिदिन्छ।

देवानी संहिता 2074 मा "एक व्यक्तिले अर्को व्यक्तिलाई आफूलाई नै फिर्ता दिने वा आफूले अन्यत्रको व्यक्तिले पाउनेगरी कुनै धनमाल राख्नदिन नासोसम्बन्धि करार भएको मानिनेछ।" भनी उल्लेख गरिएको छ।

एकपक्षले अर्को पक्षलाई विश्वासको आधारमा कुनै धनमाल राख्न दिन्छ भने त्यसलाई नासो भनिन्छ। नासोपछि राख्नदिने व्यक्तिलाई नै यथा-अवस्थामा फिर्ता गर्नुपर्ने हुन्छ।

नासोमा निम्न कुराहरू समावेश भएका हुन्छन्:

- ✓ निक्षेपकर्ता (नासो राख्नदिने मान्छे)
- ✓ निक्षेपग्राहिता ( " ग्रहण गर्ने " )
- ✓ वस्तु
- ✓ सुरक्षा वा संरक्षण
- ✓ समयावधी

# Nature and characteristics of Bailement

(I) Element of contract (करारका तत्वहरु (सम्झौता, शर्त))
(II) Agreement (सम्झौता)
(III) movale property (चल सम्पत्ति)
(IV) Delivery & Acceptance (हस्तान्तरण स्वीकृति)
(V) Actual delivery (वास्तविक हस्तान्तरण)
(VI) purpose (उद्देश्य) (सुरक्षा)
(VII) Return of property (सम्पत्तिको फिर्ता)

## Types of Bailement

(I) On the basis of fee
- ✓ निशुल्क
- ✓ सशुल्क (रुपैयाँ, पैसा, सामान, श्रम)

(I) On the basis of Benefit
- ✓ नासो धारण गर्नेको फाइदा
- ✓ नासो धारणको फाइदा
- ✓ दुवै पक्षलाई फाइदा

## Right & Duties of ~~Bailement~~ Bailor
(नासो धारण दिनेको अधिकार र कर्तव्य)

अधिकार
- नासो फिर्ता पाउने र क्षतिपूर्ति माग गर्ने
- नासोले बढबढाएको सम्पत्ति फिर्ता पाउने

पाठशाला

* नासो करार अन्त्य गर्ने अधिकार
* तेस्रो पक्षविरुद्ध मुद्दा गर्ने अधिकार
* सम्पत्ति बिक्री पूर्व सञ्चार गर्ने अधिकार
(आगाडि फिर्ता लिने ,, )

कर्तव्य

→ नासोको दोष प्रकट गर्ने कर्तव्य ।
→ आवश्यक खर्च बेहोर्ने कर्तव्य ।
→ आफ्नो स्वामित्व नभएको वस्तु नासो दिएको भए त्यसबाट हुने क्षति बेहोर्ने ।
→ ढुवानी वा यातायातको जोखिम बेहोर्ने ।
→ नासो फिर्ता लिने ~~अधिकार~~ कर्तव्य ।

# नासो लिने व्यक्तिको अधिकार र कर्तव्य
(Right and duties of ~~Bailor~~ Bailee)

## अधिकार :

- ✓ पारिश्रमिक पाउने अधिकार,
- ✓ नासो दिनेको त्रुटिबाट हुने क्षतिपूर्ति पाउने अधिकार,
- ✓ साधारण खर्च भराएर लिने अधिकारी,
- ✓ सशुल्क नासो अगि फिर्ता लिएमा हर्जाना पाउने,
- ✓ नासो फिर्ता नलिएमा खर्च भराउने अधिकार,
- ✓ संयुक्त नासो हस्तान्तरण गर्ने अधिकार,
- ✓ नासो सम्बन्धी कानुनी प्रक्रिया जाने अधिकार,
- ✓ सम्पत्ति आफैसँग राख्ने अधिकार,
- ✓ बिक्री गर्ने अधिकार ।

अधिकार

## कर्तव्य

- ✓ नासो करारको परिपालना गर्ने,
- ✓ नासोको उचित हेरविचार गर्ने,
- ✓ अनाधिकृत प्रयोग नगर्ने,
- ✓ धनमाल वा वस्तु मिसावट नगर्ने,
- ✓ नासो फिर्ता गर्ने,
- ✓ बढे बढाएको सम्पत्तिमा दाबी नगर्ने,
- ✓ वस्तुमाथि ... [illegible]

## Find of Lost goods (हराएको सामान भेटाउने व्यक्ति)

### हराएको वस्तु भेटाउने को कर्तव्य → पहाडीको पानामा →

वस्तु मालिकको अधिनमा रहदासम्म वास्तविक मालिकका हुन्छ र मालिकबाट छुटिएपछि त्यस्तो वस्तु कि बेवारिसे अवस्थामा हुन्छ कि अर्को व्यक्तिको कब्जामा आउछ। मालिक बाट छुटिएको वस्तु भेटाएर कुनै व्यक्तिले आफ्नो जिम्मा राखेको छ भने त्यो व्यक्तिलाई हराएको वस्तु भेटाउने व्यक्ति भनिन्छ।

कानुनको सामान्य सिद्धान्त अनुसार कुनैपनि वस्तु मालिक विहिन भएर रहन सक्दैन। मालिकबाट छुटेको र अर्को व्यक्तिको कब्जामा रहेको सामानलाई नै हराएको सामान भनिन्छ।

हराएको सामान भेटाउने प्रक्रिया र व्यक्तिको सम्बन्धमा नेपालको कानुन त्यति स्पष्ट छैन। देवानी संहिता २०७४ को नियम/दफा ४६० मा कुनैपनि व्यक्तिले हराएको सामान भेटाएमा सामानको विवरण सहित नजिकको प्रहरीमा सूचना दिई सामान आफ्नो जिम्मामा राख्न सक्नेछ भन्ने कुरा उल्लेख गरिएको छ। यस्तो सामान राख्ने व्यक्तिले नासो सरह राख्नुपर्ने हुन्छ।

सामान भेटाउने व्यक्तिले सामानको मालिक खोज्न हर-सम्भव प्रयास गर्नुपर्दछ। यदि ३ वर्षभित्र मालिकले सामान दाबी नगरेमा सो सामान भेटाउने व्यक्तिको नै हुन्छ।

Date :

## हराएको सामान भेटाउनेको कर्तव्य

- हराएको वस्तुलाई सुरक्षा दिइ राख्ने,
- वस्तुको अनाधिकृत प्रयोग नगर्ने,
- भेटाएको वस्तुको वास्तविक मालिक खोज्ने,
- वस्तुको मिसावट नगर्ने,
- वस्तुले बढेबढाएको वस्तु पनि फिर्ता गर्नुपर्ने,
- आफ्नो हक कायम गर्न नहुने,
- वस्तुमा भएको क्षति बेहोर्नुपर्ने,
- सामान फिर्ता गर्नुपर्ने।

## हराएको सामान भेटाउनेको ~~कर्तव्य~~ अधिकार

- पुरस्कार पाउने अधिकार,
- सामान्य खर्च भराई लिन पाउने अधिकार,
- बिक्री गर्ने अधिकार (तिन वर्ष)
- सामान्य/अन्य कानुनी प्रक्रियामा जाने अधिकार।
- क्षतिपूर्तिको अधिकार।।

## Contract relating to pawn or pledge
## (धितो धरौटो सम्बन्धी करार)

Page No.: ______
Date: ______

कुनै कामको परिपालनाको ग्यारेन्टी तथा ऋण भुक्तानीको संरक्षण बापत मालो सरह राखिने सम्पत्तिलाई धितो वा धरौट भनिन्छ। भारतीय करार ऐनको दफा १७२ मा, ~~The bailment of debt or for security for payment~~

"कुनै काम वा ऋणको सुरक्षाको लागी कबुल गरिएको सम्पत्ति वा वस्तु नै धितो वा धरौट हो" भनी उल्लेख गरिएको छ।

नेपालको कानुनमा देवानी संहिता २०७४ मा यससम्बन्धि कानुनी व्यवस्था गरिएको छ। दफा ५८५ देखि ५९० सम्म धितो धरौट सम्बन्धि उल्लेख गरिएको छ।

ऋणको सुरक्षा बापत वा कुनै कार्यको विश्वास बापत हस्तान्तरण गरिने वस्तु धितो वा धरौट हो।

उदाहरण:

गोपालले सनको औंठी बेकि फिर्ताको लागी ५००० लागि कावनलाई दियो र मोहनले रामको घर बनाउने काम लिए पश्चात काम सम्पन्न नभएसम्म को लागि आफ्नो औंठी धरौट दियो।

### धरौट लिनेको कर्तव्य (Duties of pawnee)

- ✓ धरौट राखेको सम्पत्तिको उचित सुरक्षा गर्ने,
- ✓ अनाधिकृत रुपमा प्रयोग नगर्ने,
- ✓ हक कायम गर्न नहुने
- ✓ बढे बढाएको वस्तु फिर्ता गर्नुपर्ने
- ✓ करारको शर्त पालना गर्ने
- ✓ क्षतिपूर्ति भएमा तिनुपर्ने,
- ✓ वस्तु मिसावट गर्ने
- ✓ " फिर्ता गर्ने।

पाठशाला

Date :

## धरौट लिनेको अधिकार (Right of pawnee)

- ब्याज पाउने अधिकार,
- सामान्य खर्च असुल गर्ने,
- क्षतिपूर्ति माग गर्ने,
- बिक्री गर्न सक्ने अधिकार,
- थप ऋणबापत सम्पत्ति रोक्ने अधिकार,
- सम्पत्ति फिर्ताको गलत नियत विरुद्धको अधिकार,
- करार सम्बन्धी मुद्दा मामिला गर्ने ।

## धरौट दिने व्यक्तिका कर्तव्य र अधिकार (Duties and rights of the pawner)

### Duties

- ऋण चुक्ता गर्ने कर्तव्य,
- अतिरिक्त खर्च व्यहोर्नुपर्ने,
- सम्पत्तिको त्रुटि सुधार गर्नु पर्ने,
- धितो राखेको वस्तुबाट धितो राख्ने व्यक्तिको
- रकम कम भएमा पुरा गर्ने,
- करारको परिपालना गर्ने

Right

+ धरौटी राख्ने त्यसको लापरवाहीले भएको क्षतिको क्षतिपूर्ति पाउने,
+ करार उल्लंघनबाट भएको क्षतिको हर्जाना पाउने,
+ धरौटी लिने त्यसको विरुद्धको कानुनी उपचार,
+ तेस्रो पक्ष विरुद्धको कानुनी उपचार,
+ बिक्री हुनुपूर्व आफै सकार गर्ने ।

Distinction between Bailment & pawn (नासो र धरौट)

| आधार | नासो | धरौट |
|---|---|---|
| उद्देश्य | सम्पत्तिको सुरक्षाकोलागी । | ऋणको / कामको सुरक्षाकोलागी । |
| प्रकृति | चल सम्पत्ति । | चल र अचल सम्पत्ति । |
| प्रयोग गर्ने अधिकार | प्रयोग गर्न सकिन्छ । | प्रयोग गर्न सकिदैन । |
| पारिश्रमिक | सम्झौतामा निर्भर हुने । | अनिवार्य । (ब्याज तिनुपर्ने) |
| कारोबार | कर्जा कारोबार होइन । | कर्जा कारोबार हो । |
| क्षेत्र / सम्बन्ध | धरौटी पनि एकप्रकारको नासो हो | नासो धरौटी होइन । |
| बिक्री गर्ने अधिकार | हुदैन । | समयपश्चात बिक्री गर्न सकिन्छ । |

# अभिकर्ता सम्बन्धि करार (Contract of Agency)

कुनै एक पक्षले आफ्नो तर्फबाट गर्नुपर्ने कार्य अर्को पक्षलाई अधिकार दिई गराउँछ भने त्यसलाई एजेन्सी भनिन्छ। यसरी प्रतिनिधि भई कामगर्ने व्यक्ति मुख्य व्यक्तिको एजेन्ट हो। यसले मुख्य व्यक्ति र तेस्रो व्यक्ति बीच सम्झौताको कार्य गर्दछ। मुख्य व्यक्तिको तर्फबाट तेस्रो पक्षसँग काम गर्दछ। व्यक्तिगत दक्षता बाहेक मुख्य व्यक्तिले कानुनी रूपमा आफूले गर्नुपर्ने कार्य वा अधिकार प्रयोग गर्ने गरी प्रतिनिधि नियुक्त गरेको हुन्छ। देवानी आचार संहिता २०७४ अनुसार मा दफा ५९१ देखि ६०१ सम्म एजेन्सी सम्बन्धी करारको व्यवस्था गरिएको छ।

कानुनले प्रतिबन्ध लगाएका कार्यहरू बाहेक कुनै एक व्यक्तिले आफूले गर्नुपर्ने कार्य अर्को व्यक्ति नियुक्त गरि गराउँदा आफैंले गरे सरह हुन्छ भन्ने कानुनी मान्यता रहेको पाइन्छ। यही अवधारणा अनुरूप Agency करारले मान्यता पाएको हो।

यसमा निम्न २ कुराहरू विशेष रूपमा रहेको पाइन्छ:

1) जति कार्य कानुनी रूपमा एउटा व्यक्तिले गर्न सक्छ त्यति निजले नियुक्त गरेको प्रतिनिधि मार्फत पनि गर्न सकिन्छ।

2) जुन व्यक्तिले अनुमोदित कार्य गर्दछ निजले सो कार्य आफैं गरे सरह हुन्छ।

पाठशाला

Agency सम्बन्धी करारमा Agent ले गर्ने कार्यको दक्षता, क्षमता, योग्यता र अनुभव सबैभन्दा विवादको कुरो हो। प्रतिनिधि नियुक्त गर्ने व्यक्तिले प्रतिनिधिमार्फत गरेको सम्पूर्ण कार्यको जवाफदेहि हुनु पर्दछ भन्ने सम्बन्धमा देवानी संहिता २०७४ मा स्पष्ट गरिएको छ,

प्रतिनिधिमार्फत भएगरेको करार वा कार्यको सम्पूर्ण दायित्व मुख्य व्यक्तिलेनै वहन गर्नुपर्ने तर प्रतिनिधिले आफ्नो अधिकार बाहिर गरेको कामको सम्बन्धमा मुख्य व्यक्ति उत्तरदायी नभई प्रतिनिधिनै व्यक्तिगत रूपमा जिम्मेवार हुने कुरा उल्लेख गरिएको छ।

## Modes of Creating Contract of Agency
(एजेन्सी करार सिर्जना गर्ने तरिकाहरु)

1. By express authority (प्रत्यक्ष अधिकारबाट एजेन्सीको सृजना)
2. Agency created by implied authority (अप्रत्यक्ष अधिकारबाट एजेन्सीको सृजना)
   - Agency created by estoppel (विबन्धनबाट एजेन्सीको सृजना)
   - Agency created by holding out (आश्वासनबाट " )
   - Agency created by necessity (आवश्यकताबाट " )
3. Agency created by ratification (अनुमोदनबाट " )
4. Agency created by operation of law (कानुनबाट " )

* Define Estoppel.

त्यांहेले एस्टपल भन्नेको कुरा पहिलेन पनि मानिरहनुपर्छ भन्ने मान्यता नै विवध्यत हो।
जस्तै: मैले भाइलाई पसलमा इशारा ल्याउन पठाए र साउलाई पनि भाइलाई सामान दिनु भने त्यसपछि सामान ल्यायर आयो। फेरी भर्खो पटक भाइले जोहि आफुखुसी सामान ल्यायपनि मैले तिर्नैपर्छ।

By Express Authority

व्यवसायिक जगतमा सर्वभन्दा बढि Agency को सृजना प्रत्यक्ष अधिकार द्वारा हुनेगर्छ। लिखित रूपमानै मुख्य व्यक्ति र Agent बिच Agency सम्बन्धि करारको हुन्छ। बोलेर गरिएको करारमा प्रमाणको अभावहुने भएकाले Agency सम्बन्धि कारोबारमा अधिकार प्रदानगर्दा लिखित रुपमानै हुनुपर्छ भन्ने मान्यता रहेको छ। यस पक्रियामा Agency आरम्भहुनुपूर्वनै मुख्य व्यक्ति र Agent बिच शर्त र सीमाहरु निर्धारण भई अधिकारको हस्तान्तरण हुन्छ।

Agency by ~~estoppel~~ emplied authority

स्पष्ट रुपमा लेखेर अधिकार हस्तान्तरण नगरिएको अवस्थामा Agency को सृजना हुने पक्रियालाई अप्रत्यक्ष वा अप्रत्यक्ष अधिकार द्वारा Agency को सृजना भनिन्छ। यस्तो पक्रियामा मुख्य व्यक्ति र Agent बिच उत्पन्नहुने आचरण र व्यवहारको आधारमा Agency को सृजना हुन्छ। प्रकारहरु: 1, 2, 3

Date :

1. Agency created by Estoppel (विबन्ध)

विबन्धनबाट Agency को सृजना हुने प्रक्रिया अप्रत्यक्ष अधिकारबाट एजेन्सी सृजनाको एक महत्वपूर्ण पक्ष हो। विबन्धन भनेको एकपटक कुनै कुरा हो वा होइन भनिसकेपछि त्यसलाई पछि परिवर्तन गर्न नमिल्ने प्रक्रिया हो। यो प्रमाण कानुनको एक महत्वपूर्ण सिद्धान्त हो। यस सिद्धान्तले पहिला भनेको कुरालाई पछिसम्म कायम राख्ने समर्थन गर्दछ।

जस्तै: A ले B लाई पसलबाट १ महिनाको लागि सामान उधारो लिने व्यवस्था मिलाइदिए B ले निरन्तर ४/५ महिनासम्म सामान उधारो लिइरहदा A ले B ले लगेको बढी सामानको मूल्य तिर्न बाध्य हुन्छ।

2. Agency created by Holding out (अभिनय)

कतिपय अवस्थामा मुख्यव्यक्ति आफैं उपस्थित भई कार्यसम्पादन गर्न सम्भव नहुने भएकाले उसले अरुलाई प्रतिनिधिका रुपमा अधिकार हस्तान्तरण गरेको हुन्छ। अधिकार पाएको प्रतिनिधिले अधिकार विहिन भइसकेपछि पनि सो कार्यलाई निरन्तरता दिई आर्थिक वा अन्य कुनै लाभ उठाउँछ भने यो अभिनयद्वारा सृजित Agency हो।

जस्तै: आमाले भाइलाई रामसाहुको पसलबाट सामान खरिद गर्न नगद दिएर पठाउनुहुन्छ। भाइले १।२ दिनसम्म नगदै कारोबार गर्छ र 4th दिन पैसा आफूले राखी आमाले उधारो लिन पठाएको अभिनय गर्छ। यो पैसा (उधारोको) आमाले तिर्नुपर्दैन/तिर्न बाध्य हुँदैन।

पाठशाला

Date :

1. Agency created by Estoppel (विबन्धन)

विबन्धनबाट Agency को सृजना हुने प्रक्रिया अप्रत्यक्ष अधिकारबाट एजेन्सी सृजनाको एक महत्वपूर्ण पक्ष हो। विबन्धन भनेको एकपटक कुनै कुरा हो वा होइन भनिसकेपछि त्यसलाई पछि परिवर्तन गर्न नमिल्ने प्रक्रिया हो। यो प्रमाण कानुनको एक महत्वपूर्ण सिद्धान्त हो। यस सिद्धान्तले पहिला भनेको कुरालाई पछिसम्म कायम राख्ने समर्थन गर्दछ।

जस्तै: A ले B लाई पसलबाट १ महिनाको लागि सामान उधारो लिने व्यवस्था मिलाइदा B ले निरन्तर ३ महिनासम्म सामान उधारो लिइरहदा A ले B ले लगेको वढी सामानको मूल्य तिर्न बाध्य हुन्छ।

2. Agency created by Holding out (अभिनय)

कतिपय अवस्थामा मुख्यव्यक्तिले आफैं उपस्थित भई कार्यसम्पादन गर्न सम्भव नहुने भएकाले उसले अरुलाई प्रतिनिधिका रुपमा अधिकार हस्तान्तरण गरेको हुन्छ। अधिकार पाएको प्रतिनिधिले अधिकार विहिन भइसकेपछि पनि सो कार्यलाई निरन्तरता दिई आर्थिक वा अन्य कुनै लाभ उठाउछ भने यो अभिनयद्वारा सृजित Agency हो।

जस्तै: आमाले भाइलाई रामसाहुको पसलबाट सामान खरिद गर्न नगद दिएर पठाउनुहुन्छ। भाइले १।२ दिनसम्म नगदै कारोबार गर्छ र $4^{th}$ दिन पैसा आफूले राख्दै आमाले उधारो लिन पठाएको अभिनय गर्छ। यो पैसा (उधारोको) आमाले तिर्नुपर्दैन तिर्न बाध्य हुनुहुन्न।

पाठशाला

2. Agency created by Necessity (आवश्यकता)

मुख्य व्यक्तिको आदेश वा अधिकार प्राप्त गर्ने समयको परिस्थिती सम्भव नभए आवश्यकता अनुसार काम (सम्पादन) गरी पछि मुख्य व्यक्तिलाई जानकारी दिन गएमा त्यस द्वारा सृजना हुनआउने Agency, Agency created by Necessity हो। यस्तो अवस्थामा Agent ले इमान्दारी पूर्वक मुख्य व्यक्तिको हितमा मनासिब र व्यवहारिक बाटो अपनाएर कार्य गरेको हुन्छ। जस्तै: काठमाडौंबाट सुर्खेत आउने गाडीमा कोहलपुरको सामान हालेर पठाइदिनु आवश्यकता द्वारा सृजित Agency हो। यहाँ त्यसरी सामान पठाउने भनी व्यापारीबिच करार भएको हुँदैन।

Agency created by Ratification अनुमोदन

पहिले भइसकेको कामलाई पछि समर्थन गरी अधिकार दिने प्रक्रिया नै अनुमोदन हो। यसमा तत्काल अधिकार प्राप्त गर्न नसकिने र कार्यसम्पादन पश्चात अधिकार प्राप्त हुने सम्भावना हुन्छ। यसरी सृजना हुने Agency व्यवहारिक रुपमा थोरै मात्र प्रयोगमा आउँछन्।
जस्तै: गोपालले भगवती बहुउद्देश्यीय सहकारीबाट २ लाख अघिल्लो दिन ऋण लिई पछिल्लो दिन निर्णय गरी अनुमोदन गराउँछ।

पाठशाला

## Agency created by operation of law

केहि व्यक्तिहरुलाई कानुनले नै Agent को रुपमा स्विकार गरेको हुन्छ। ति व्यक्तिहरुले गरेका कार्यहरु अधिकार प्राप्त Agent ले गरे सरह हुन्छन्।
जस्तै: छोराछोरी, श्रीमान, श्रीमती, आमा, बाबु आदि आफ्नो Agent हरु हुन। यिनिहरुलाई लिखित रुपमा अधिकार दिइरहनुपर्दैन।

## Types of Agent (प्रतिनिधि / अभिकर्ता / एजेन्टका प्रकारहरु)

1. अधिकारको सीमाको आधारमा प्रतिनिधि (Agent on the ground of extent of Authority)
   - सामान्य अभिकर्ता (General Agent)
   - विशेष " (Special " )
   - सर्वव्यापी " (Universal " )

2. कामको प्रकृतिको आधारमा (Agent on the ground of Nature of work)
   - व्यापारिक अभिकर्ता (Merchatile agent)
   - गैर व्यापारिक " (Non merchatile agent)
     └ (वकिल, CA, डक्टर, आदि)

## सहायक एजेन्ट र प्रतिस्थापित एजेन्ट
## (Sub agent and Substitute agent)

मुख्य - मालिक
मूल - मालिकको agent
सहायक - मूलको "

### सहायक एजेन्ट

मूल Agent ले आफुले गर्ने कामको प्रकृति अनुरुप आफुलाई सहयोग गर्नकालागी मुख्य व्यक्तिको अनुमती लिई आफ्नोमात हतमा रहनेगरी नियुक्त गरेको अर्को व्यक्तिलाई सहायक Agent भनिन्छ। यो मूल Agent को सहयोगीको रुपमा काम गर्दछ। सहायक Agent को सम्बन्ध मुख्यव्यक्ति भन्दा पनि बढी मूल Agent सम/संग हुन्छ।

### प्रतिस्थापीत एजेन्ट

मुख्यव्यक्तिले स्पष्टसँग सहमती दिएर मूल Agent को सट्टामा उसको तर्फबाट अर्को Agent नियुक्त गरिन्छ भने त्यस्तो Agent लाई प्रतिस्थापित Agent भनिन्छ।
मुख्य व्यक्तिको सहमतीले मूल Agent ले आफ्नो सट्टामा अर्को Agent नियुक्ति गर्दछ भने त्यसलाई प्रतिस्थापित Agent भनिन्छ।

Page No.:
Date:

Difference between Sub Agent & Substitute Agent

| Based | Sub Agent | Substitute Agent |
| --- | --- | --- |
| निर्देशन | मूल Agent को निर्देशन पालना गर्नुपर्छ। | मुख्य Agent को निर्देशन पालना गर्नुपर्छ। |
| सम्बन्ध | मूल Agent संग हुन्छ। | मुख्य व्यक्तिसंग हुन्छ। |
| प्रकृती | मूल Agent को प्रतिनिधि हो। | मुख्य व्यक्तिको Agent हो। |
| उत्तरदायी | यसले गरेका कामकाजको जिम्मेवारी वा उत्तरदायी मूल Agent हुन्छ। | यसले गरेको कामकाजको जिम्मेवारी वा उत्तरदायी मुख्य व्यक्ति हुन्छ। |
| करार | Sub Agent र मूल Agent बिच हुने | Substitute र मुख्य बिच हुन्छ। |
| पारिश्रमिक | मूल बाट माग गर्दछ। | मुख्यबाट माग गर्दछ। |
| स्वतन्त्रता | आफ्नो कामकारबाहीमा स्वतन्त्र हुँदैनन्। | आफ्नो कामकारबाहीमा स्वतन्त्र हुन्छन्। |

## अधिकार प्रत्यायोजन (Delegation of authorities)

एउटा व्यक्ति, संस्था वा निकायमा रहेका अधिकार वा हकहरू अर्को व्यक्ति, संस्था वा निकायमा हस्तान्तरण गर्ने कार्यलाई अधिकार प्रत्यायोजन भनिन्छ। Agency करारमा मुख्य व्यक्तिले आफूले गर्न पाउने कार्य अधिकारसहित अर्को व्यक्तिमा हस्तान्तरण गर्न पाउने

पाठशाला

Unit-5 वस्तु बिक्री सम्बन्धी करार

(Contract of sale of goods)

Page No.: Date:

ग्यारेन्टी - सामान पुरै फिर्ता हुने,
वारेन्टी - विश्वास, मर्मत गरिदिने तर पुरै फिर्ता नहुने।

विक्रेताको हक वा स्वामित्वमा रहेको सामान मूल्य लिएर क्रेतालाई तुरुन्त वा कुनै शर्त पुरा भएपछि भविष्यमा हस्तान्तरण गर्ने प्रक्रिया नै सामान बिक्री प्रक्रिया हो। क्रेता र विक्रेताबिच सामान किनबेच गर्ने गरी भएको सम्झौता नै सामान बिक्री सम्बन्धी सम्झौता हो। वस्तु बिक्री सम्बन्धी कार्यलाई सरल, सहज र व्यवस्थित गर्न विभिन्न कानुनको व्यवस्था गरेको हुन्छ। नेपालमा वस्तु बिक्री करारसम्बन्धी प्रक्रिया लाई व्यवस्थित गर्न मुलुकी देवानी संहिता, २०७४ कार्यान्वयनमा रहेको छ। यसको परिच्छेद-६ मा वस्तु बिक्री करारसम्बन्धी व्यवस्था गरी विभिन्न बाटु को प्रावधानहरु उल्लेख गरिएको छ।

## Features of contract of sale of goods

- ✓ वस्तु चल प्रकृतिको हुनुपर्छ,
- ✓ क्रेता र विक्रेता दुइ पक्ष
- ✓ बिक्री करार
- ✓ वस्तुको प्रकार (विद्यमान, भावी, सांयोगिक)
- ✓ शर्तरहित र शर्तसहित करार
- ✓ मूल्य लगाउनुपर्छ (चेक, ड्राफ्ट)
- ✓ वस्तु हस्तान्तरण, वस्तुको मूल्य।

पाठशाला

(बिक्री र बिक्री सम्झौताबिच फरक)

## Distinction between Sale & Agreement to Sale

1) सामान बिक्री तत्काल सम्पन्न हुने प्रक्रिया हो भने सामान बिक्री सम्झौता भावी वा समयपछि सम्पन्न हुने प्रक्रिया हो।

| सामान बिक्री | सामान बिक्री सम्झौता |
|---|---|
| 2) → तुरुन्त वस्तुसँगै स्वामित्व हस्तान्तरण हुन्छ। | वस्तु र स्वामित्व तुरुन्त हस्तान्तरण हुँदैन। |
| → वस्तुको क्षतिको जिम्मेवारी क्रेताकै हुन्छ। | जिम्मेवारी विक्रेताको हुन्छ। |
| → त्यहि वस्तु विक्रेताले अर्को व्यक्ति लाई बेच्न सक्दैन। | यहाँ सम्झौताको वस्तु अर्कोलाई बिक्री गर्न पनि सकिन्छ। |
| → वस्तु प्राप्त गर्ने क्रेताको अधिकार हुन्छ। | क्रेताको क्षतिपूर्तिको अधिकार हुन सक्छ। |

## अन्तर्निहित शर्त र आश्वासन (Implied condition and warranty)

वस्तु बिक्री सम्बन्धि करारको शर्त भन्नाले यस्ता भनाइहरुलाई जनाउँछ जुन करारको मुख्य उद्देश्यसँग सम्बन्धि हुन्छ। यि शर्तहरु महत्वपूर्ण हुन्छन्। शर्त उल्लङ्घनमा उपचार पाने हुन्छ। निर्दोष पक्षले कुनै शर्त बेहोर्नुपर्थ्यो भने उसले कानुनको सहारा लिन सक्छ। अन्तर्निहित शर्त

हुनुको अभावमा वस्तु बिक्री सम्बन्धी करार (सम्भव हुँदैन)
वारेन्टी / आश्वासन सामान खरिद बिक्री
गर्दा २ पक्षबिच विश्वास हासिल गर्न उल्लेख गरिने शर्त हुन्।
यस्ता शर्तहरु करारका महत्वपूर्ण शर्त होइनन्। केवल
सामान बिक्री गर्दा सामान प्रति ग्राहकको विश्वास आर्जन
गर्नका लागि प्रेरणाका तत्वहुन्। यिनै तत्वको अभावमा
करार अधुरो हुँदैन।

अव्यक्त शर्त (implied Condition)

- कानुनले नै शर्त तोकिदिएको हुन्छ,
- त्यसैले उल्लङ्घन गर्न सक्दैन,
- क्रेता र विक्रेता दुवैले पालना गर्नुपर्ने हुन्छ,
- वस्तुको प्रकृति अनुसार फरकफरक हुन्छ।

अव्यक्त शर्तका प्रावधानहरु:

✓ वस्तुको हक सम्बन्धि शर्त
✓ वस्तुको वर्णन सम्बन्धि "
✓ वस्तुको नमूना " — "
✓ वस्तुको उपयुक्तता र गुण सम्बन्धि शर्त
✓ व्यापारिक योग्यताका शर्त
✓ परम्परा र प्रचलन सम्बन्धि "

Implied warranties (अव्यक्त आश्वासन) Imp

- शान्तिपूर्ण उपभोग सम्बन्धी आश्वासन
- कुनै झन्झट, आरोप तथा अतिरिक्त शुल्क सम्बन्धी आश्वासन

- विशेष सावधानी सम्बन्धी आश्वासन, → ↑upside
- वस्तुको शुद्धता सम्बन्धी आश्वासन
- परम्परा सम्बन्धी आश्वासन।

## Doctrine of caveat emptor (क्रेताको सावधानीको सिद्धान्त)

सिद्धान्त चेतावनी क्रेता

सामान बिक्री गर्नु र नाफा कमाउनु विक्रेताको मुख्य उद्देश्य हो। उसले जसरी भएपनि आफ्नो सामान बिक्री गर्न उद्यत रहेको हुन्छ। क्रेतालाई विभिन्न आश्वासन देखाएर क्रय गराएको हुन्छ। क्रेतालाई विभिन्न आश्वासन देखाएर सामान बिक्री गर्ने विक्रेताबाट क्रेताहरु कानुनी रुपमा सुरक्षित भएपनि सामान खरिद गर्दा विशेष सावधानी अपनाउनुपर्छ। अझ सामान खरिद गर्दा विशेष सावधानी अपनाउनुपर्छ। आफूलाई आवश्यक परेको सामान, गुण, Trademark, विवरण आदि हेरेर खरिद गर्नुपर्दछ। जाँचबुझ नगरिकनै सामान खरिद गर्ने र कुनै त्रुटि भएमा विक्रेतालाई दोष दिने प्रक्रिया राम्रो होइन। सामान खरिद गर्दा क्रेताले म आफ्नो प्रयोगको लागि सामान खरिद गर्दैछु भन्ने कुरा मनन गरेर सामान खरिद गर्छ भने यसलाई क्रेताको सावधानीको सिद्धान्त भनिन्छ। क्रेताले खरिद गरेको सामानमा त्रुटि भएमा क्रेताको गल्ती वा असावधानी मान्न सकिँदैन: निम्न अवस्थामा

- विक्रेताले मिथ्यावर्णन गरेमा (झुट्टा कुरा गरेमा),
- दोष लुकाएमा,
- वर्णनबाट सामान बिक्री गरेको भए,
- नमुनाद्वारा बिक्री भएका सामान,
- वस्तु बिक्रीयोग्य नभएमा

पाठशाला

(स्वामित्वको हस्तान्तरण)
Transfer of owenership

विक्रेताले क्रेतालेे किन्न चाहेको सामान बैंक नमागे गरेर बिक्री करार गर्दछ भने त्यस्तो सामान क्रेतालाई हस्तान्तरण गरेसँगै स्वामित्वको पनि हस्तान्तरण हुन्छ। विक्रेताको अधिकार क्रेतामा सर्दछ। यस प्रक्रियाबाट क्रेतामा वस्तु भोगचलन, बेच्ने आदि अधिकार प्राप्त हो। वस्तुबाट हुने जोखिम र हानी समेतको जिम्मेवारी क्रेतालेनै बेहोर्नु पर्दछ स्वामित्व हस्तान्तरण 2 प्रकारले हुन्छ।

1) प्राथमिक हस्तान्तरण - तत्काल वा करार हुनासाथ नै हस्तान्तरण हुनु,

2) गौण हस्तान्तरण :- चाहेको बेला या पछि लेनदेन गर्नु

Transfer of better title by non owner
(गैरमालिक द्वारा सामानको हस्तान्तरण)

"No one can transfer a better title than he himself has."

वस्तु बिक्रीको सामान्य नियम के छ भने वस्तुवालाले मालिकले मात्रै बिक्री गर्न सक्छ। जो सँग स्वामित्व हुँदैन त्यसले वस्तु बिक्री गर्न सक्दैन। कुनै व्यक्तिसँग वस्तु हुनु र वस्तुको मालिक हुनु फरक सन्दर्भ हो। जबसम्म वस्तुमाथि व्यक्तिको अधिकार हुँदैन वा मालिकपन हुँदैन तबसम्म वस्तु आफुसँग भएपनि बिक्री गर्न सक्दैन। विक्रेता दोषमुक्त भएपछिमात्र क्रेता सुरक्षित हुन्छन्। अनाधिकृत व्यक्तिले वस्तु बिक्री गर्दैमा वस्तुको

पाठशाला

स्वामित्व हस्तान्तरण हुँदैन।
'गोठालोले बेचेर गाई बोयदैन'

सामान बिक्री सम्बन्धी सिद्धान्तका केहि अपवादहरु:

1) व्यापारी अभिकर्ता द्वारा बिक्री,
2) सह मालिकद्वारा बिक्री,
3) विबन्धनद्वारा बिक्री,
4) बदर हुने करारबाट प्राप्त सामान बिक्री,
5) अदत्त बिक्रेताद्वारा पुन: बिक्री हुने वस्तु,
(अदत्त- भुक्तानी नभएको)
6) बन्धक राखिएको सामान,
7) सरकारी निकायद्वारा प्राप्त वस्तु बिक्री,
8) खुल्ला बजार बिक्री हुने वस्तु

Unpaid Seller (अदत्त / भुक्तानी नपाएको बिक्रेता)

ड्राफ्ट, चेक, क्रेडिट कार्ड जस्ता विनिमय पत्र

सामान बिक्री करारको महत्वपूर्ण पक्ष एकहातले पैसा लिनु र सामान हस्तान्तरण गर्नु हो। वर्तमान समयमा यो करा सान्दर्भिक देखिन्छ। क्रेताले वस्तु स्वीकार गरिसकेपछि सोही बखत बिक्रेतालाई वस्तुको मूल्य भुक्तानी गर्नुपर्दछ। के.अ.ऐ. सं. २०६४ को आशयपनि यहि हो।

पाठशाला

Unit-6

# Contract of Carriage (ढुवानी सम्बन्धी करार)

Civil Code 2074 - परिच्छेद ११ दफा ६०२-६०९

एक स्थानबाट अर्को स्थानमा सामान ओसारपोसार गर्ने कार्यलाई ढुवानी भनिन्छ। सामानको मालिक र ढुवानी साधनको मालिक वा कम्पनिसंग सामान ओसारपोसार गर्ने सम्बन्धी सम्झौता भई बिल भरपाई लिनेदिने कार्य भएमा त्यसलाई सामान ढुवानी करार भनिन्छ। सामानको धनी र ढुवानी साधनको मालिकबिच सामान ढुवानी गर्दा अधिकार र कर्तव्य हरु सिर्जना हुन जान्छन्। यस्ता अधिकार र कर्तव्यहरुबाट उत्पन्न हुने समस्या व्यवस्थापन गर्न ढुवानी करार सम्बन्धी ऐन २०५६ व्यवस्था गरेको थियो, हाल civil code 2074 ले समेटेको छ।

विशेषताहरु: characteristics

- दुई पक्ष
- सामान ढुवानी हुनुपर्ने (करार)
- तेस्रो पक्षका लागी ढुवानी हुनुपर्ने (बिक्रेता - ढुवानीकर्ता - क्रेता)
- व्यक्ति वा संस्थाले सामान ढुवानी गर्नुपर्दछ।
- शुल्क वा महसुल अनिवार्य,
- ढुवानी जल, स्थल, हवाइमार्गबाट हुन्छ।
- साधन फरक फरक हुन सक्छ।
- ढुवानीमा बिल, भर्पाइ आदि कागज अन्य कागजात हुने

Page No.:
Date:

## Common/Public and private carriage
(सार्वजानिक र निजी ढुवानी)

निजी : school bus, car, moterbike

सार्वजानीक : other bus.

सार्वजानिक ढुवानी भन्नाले कुनै व्यक्ति, कुनै वा संस्थाबाट तोकिएको शुल्क लिई बिना भेदभाव सामान ढुवानी गर्ने साधन भन्ने बुझिन्छ। यो ढुवानी को साधनले निश्चित मार्गमा सरकारले तोकेको शुल्क लिई सामान ढुवानी गर्दछ।

निजी ढुवानी साधन भन्नाले अरु कुरैको हक अधिकार नपुग्ने र सामान बोक्न बाध्य नहुने व्यक्ति वा संस्थाको प्रयोजनको लागिमात्र प्रयोग गर्ने साधन बुझिन्छ। जस्तै: school bus, personal car,
Company का सामान ढुवानी गर्ने Truck

### Distiction between public and private carriage

| आधार | public | private |
|---|---|---|
| प्रकृति | नियमित एवम् व्यवसायिक | अनियमित र व्यक्तिगत |
| उद्देश्य | व्यवसायिक | व्यवसायिक नहुने |
| भाडादर | निश्चित | अनिश्चित |
| कार्यक्षेत्र | जुनसुकै व्यक्ति वा स्थान | सिमित |
| मार्ग/बाटो | पूर्वनिर्धारित हुन्छ | हुदैन |
| जोखिम/क्षतिपूर्ति | व्यवस्था हुन्छ | हुदैन |
| स्वीकार | अस्वीकार गर्न मिल्दैन | मिल्छ |
| अधिकार/दायित्व | बन्धन हुन्छ | हुदैन |

पाठशाला

Date :

## Right of Common Carriage

- भाडा असुल गर्ने अधिकार
- अतिरिक्त मुल्क असुल्न गर्ने "
- सामान रोकि राख्ने अधिकार
- " बिक्री गर्ने "
- क्षतिपूर्ति पाउने अधिकार
- दायित्व छुट्याउने गर्ने अधिकार

## Duties of Common Carriage

✓ बिना भेदभाव सामान ढुवानी गर्ने कर्तव्य
✓ समयमैं ढुवानी
✓ गन्तव्यमा सामान पुऱ्याउने
✓ सुरक्षित सामान ढुवानी
✓ निर्देशनको पालना
✓ प्रचलित बाटोको प्रयोग गर्नु
✓ जानकारी दिनुपर्ने
✓ क्षतिपूर्ति बहन गर्ने

# ढुवानीका प्रमुख मार्ग

## १ स्थलमार्ग (Land) (Carriage by land)

स्थलमार्ग द्वारा मालसामान ओसारपोसार गर्ने निकै पुरानो परम्परा हो। सार्वजनिक वाहकहरूमा स्थलमार्ग महत्वपूर्ण मानिन्छ। रेल, ट्रक, लरी (Van) माध्यमबाट ढुवानी गरिन्छ। भौगोलिक सुगमता र विश्व राष्ट्रहरूले स्थलमार्ग बाट सामान ढुवानीगर्न रेलको बढी उपयोग गर्दछन्। धेरै सामान ओसारपोसार गर्न सकिने, सस्तोहुने, आदि कारणले रेल महत्वपूर्ण मानिन्छ। रेल यातायात सम्बन्धी कानुन २०२९ ले व्यवस्थापन सम्बन्धमा निम्नानुसार चर्चा गरिएको छ:

२०१२ को ऐन अनुसार

### Railway Administration Rights

| दफा | अधिकार |
|---|---|
| ३.२० | १ रेलवे हातामा आवतजावत रोक्ने, |
| ३.१००, १० दिनकैद | २ अग्ला आवाश्यकभोग गर्ने वा कटेरा। घर बनाउन रोक्ने |
| ६.१००, ५ दिन कैद | ३ ढुङ्गा हान्न नदिने। |
| | ४ विना यात्रा गर्न नदिने। बिना टिकट |
| | ५ बिक्री गर्ने अधिकार |

### कर्तव्य

१ बिना भेदभाव सामान ढुवानी

२ सुरक्षा ढुवानी

३ गन्तव्यमा ढुवानी

४ निर्देशन पालना

पाठशाला

Page No. :
Date :

② हवाई मार्ग (carriage by air)

आकाशको बाटो भई सामान ढुवानी गर्ने प्रक्रियालाई हवाईमार्गबाट सामान ढुवानी भनिन्छ। यो सबैभन्दा छिटो, राम्रो ढुवानी हो। यसबाट सामान ढुवानी गर्दा वायुयान company र सामानको ढुवानी विच्च करार हुन्छ। यसैगर्दा निम्न कागजातहरु महत्वपूर्ण मानिन्छ:

~ यात्री टिकट

~ सामान टिकट

~ हवाई ढुवानी रसिद / प्रेषक पत्र

हवाईमार्गबाट यात्रा गर्दा वा मालसामान ढुवानी गर्दा यातायात कम्पनीले यात्रा सम्बन्धि शर्तहरु सहितको करार गराउने गर्दछ। यात्रुका मालसामानको पोषण को लागि टिकट जारी गर्दछ। यात्री टिकटमा जहाज चढ्ने स्थान, मिति, पुग्ने स्थान, नाम, ठेगाना (यात्रीको) जहाजको पहिच्यान जस्ता कुराहरु उल्लेख हुन्छ।

सामान टिकटमा सामानको जाँचपूर्वक गरेपछि माल सामानको पहिच्यान खुल्नेगरी टिकट जारी गरिन्छ। यसमा सामानको तौल, सामान पुऱ्याउनपर्ने ठाउँ, आवश्यकता अनुसार सामानको विवरण उल्लेख हुन्छ।

हवाई ढुवानी रसिदलाई प्रेषक पत्र पनि भनिन्छ। यो मालसामान कार्गो गर्दा मालसामानको विवरण सहित जहाज कम्पनीलाई हस्तान्तरण आवश्यक कुरा खुलाएर गर्नुपर्दछ। यसलाई ढुवानी रसिद भनिन्छ।

पाठशाला

सामान बुझिसकेपछि हवाई कम्पनीले प्रेषकपत्रमा उल्लेखित व्यक्ति वा स्थानमा सामान पुऱ्याउने प्रतिबद्धता सहितको सामान बुझेको रसिद उपलब्ध गराउँछ। सामान्यतया यसै प्रक्रियालाई हवाई मार्गबाट हुने सामानढुवानी करार भनिन्छ।

## Contract of affreighment (पानीजहाजबाट सामान ढुवानी सम्बन्धी करार)

1. Charter party (चार्टर पार्टी)

- १ पटक सामान ल्याए छोड्ने - यात्रा चार्टर (Voyage charter)
- निश्चित समय सम्मको लागि - समय चार्टर (Time ")
- कर्मचारी, गोदाम सबैको भाडा लिने पानीजहाज भाडामा लिने - लगिसहितको चार्टर (charter with demise)
- " नलिनेगरी " - लगिबिनाको " ( " without ")

2. Bill of lading (बिल अफ लोडिङ)

चार्टर → पानीजहाजलाई भाडामा लगी सामान ढुवानी गर्ने प्रक्रिया

a. clean or unqualified bill of landing (स्पष्ट वा शर्तरहितको बिल अफ लोडिङ)

b. Qualified bill of lading (ससर्त वा दूषित बिल अफ लोडिङ)

c. Through bill of lading (सम्पूर्ण बिल अफ लोडिङ)

सामान लगेर पानीजहाजमा छोडेपछि पानीजहाजको मालिकले सामान बुझेको बिल दिन्छ त्यसैलाई bill of lading भनिन्छ।

## Condition of bill of lading

- ✓ यसमा करारीय पक्षहरुको नाम, पानीजहाजको नाम, सुरु बन्दरगाह / प्रस्थान बन्दरगाह, गन्तव्य बन्दरगाह, मालसामान भित्रगर्ने त्यासको नाम सहितको विवरण।
- ✓ Trademark (मालसामानको पहिचानको संकेत)
- ✓ मालसामानको अवस्था गुण, नापतौल, संख्या आदि
- ✓ अन्य आवश्यक कुराहरु।

## Incoterms - 2010 (सर्वपरिभाषित व्यापार शर्तहरु)

सन् 1936 मा ICC ले सर्वप्रथम प्रकाशित गऱ्यो।

International chamber of Commerce (अन्तर्राष्ट्रिय वाणिज्य संघ)

तिन कुराको लागि Incoterms आवश्यक हुन्छ।

- Task, cost, Risk
  कार्य, लागत, जोखिम

सन् 2000 मा 13 वटा Incoterms प्रयोगमा आए।

2010 मा 11 → 4 - पानीजहाज / 6 - अन्य सबैको > लागि

Incoterm हरु अन्तर्राष्ट्रिय वाणिज्य वा व्यापार क्षेत्रमा लागु हुनेगरी निर्धारण गरिएका पूर्वपरिभाषित शर्तहरु हुन। यि शर्तहरु वस्तु बिक्री संग लागु हुने गर्दछन्। मुख्यतया यस्ता शर्तहरु ICC ले प्रकाशन गर्दछ। मुख्यतया वस्तुको भौतिक हस्तान्तरणसंग सम्बद्ध ३ पक्ष कार्य, लागत र जोखिम लाई व्यवस्थित गर्ने यस्ता शर्तहरु प्रयोग हुन्छन्।

वर्तमान भूमण्डलीकरण र खुला अर्थनीतिका कारण वाणिज्य र व्यवसायिक क्षेत्र निकै फराकिलो बनेकोले अन्तर्राष्ट्रिय रूपमा व्यापार सञ्चालन गर्दा हरेक देशको कानुन पालना गर्नुपर्ने र ति कानुनबाट उत्पन्न समस्या समाधान गर्न लामो समय लाग्ने र झन्झटिलो हुने भएकाले सन् १९३६ मा ICC ले सर्वमान्य पूर्वपरिभाषित शर्तहरु निर्धारण गरेकोहो। यसले क्रेता र बिक्रेता बिचको सम्बन्धलाई व्यवस्थित गर्ने कार्य गरेको छ। सन् २००० मा १३ वटा Incoterm प्रकाशित गरेको ICC ले ति Incoterm का केही हरु हटाएर २०१० मा ११ वटा Incotermsहरु लागु गरेको छ। यि ११ वटा Incoterms मा जति ४ वटा पानी जहाजका लागि मात्र लागु हुने र ७ वटा सबै ढुवानीका साधनमा लागु हुनेगरी व्यवस्थित गरिएको छ।

- FAS (Free alongside ship)

  प्रेषणपत्रमा नाम लेखिएको बन्दरगाह सम्म पुऱ्याउने र खर्च र जोखिम मालसामान धनीकै हुने,

- FOB (Free on Board)

वस्तु जहाजमा राखेपछि पुग्ने स्थान सम्मको खर्च र जोखिम मा लसामान धनीले व्यहोर्ने

- Unit - 9

Arbitration (मध्यस्थता)

1) मध्यस्थता ऐन - २०५५
2) स्थानीय सरकार सञ्चालन निर्देशिका, (अध्यक्षलाई अधिकार दिएको) - २०७४
3) मेलमिलाप ऐन - २०६८

विवाद भई समस्या उत्पन्न भएमा त्यस्तो समस्या समाधान गर्न अदालत बाहिर यालेले गरिने साधारण कानुनी प्रक्रिया लाई मध्यस्थता भनिन्छ। अदालतमा हुने झन्झटिलो कार्यविधि, लामो समय र खर्चिलो प्रक्रियाबाट सानातिना विवादलाई मुक्त गराई सरल (सहज) रुपमा समाधान गर्ने एक व्यवहारिक प्रक्रिया नै मध्यस्थता हो। मध्यस्थताको प्रमुख उद्देश्य छिटो छरितो रुपमा आफैले नियुक्त गरेको मध्यस्थकर्ता द्वारा विवादको समाधान गर्नु हो।

यो अदालत भन्दा बाहिरको सानो अदालत हो वर्तमान समयमा यसको महत्व बढ्दै गएको देखिन्छ। मध्यस्थता ऐन - २०५५ मा मध्यस्थकर्ताको काम, कर्तव्य, अधिकार र प्रक्रिया बारे उल्लेख गरिएको छ। स्थानिय सरकार सञ्चालन निर्देशिका - २०७४ लागु भएपछि मध्यस्थताको लागि केही अधिकार स्थानिय तह तिनिरमा तरेका छन्।

## Importance of Arbitration

(i) छिटो निर्णय (prompt decision) - 120 दिनमा
(ii) साधारण कार्यविधि (simple porcedure)
(iii) Less expensive (कम खर्चिलो)
(iv) बन्द सुनुवाई (close hearing)
(v) Special Services (विशेष सेवा)
(vi) Binding force of award (निर्णयको बाध्यात्मक मान्नुपर्ने शक्ति)
(vii) Secrecy (गोपनीयता)

Who can refer disputes to arbitration?
(मध्यस्थतामा विवाद लैजाने अधिकार कसलाई छ?)

- प्रतिनिधि
- संरक्षक / अभिभावक
- वकिल
- सरकारी सम्पत्ति प्राप्तगर्ने व्यक्ति
- साझेदार
- संयुक्त परिवारको मुख्य व्यक्ति (हिन्दु)
- गुठीको संचालक

What may be refered disputes to Arbitation?
(कस्तो प्रकारका विवादहरु मध्यस्थमा लैजान सकिन्छ?)

- देवानी प्रकृतिका विवाद
- व्यापारिक "
- मेलमिलाप हुन नसके
- करारसँग सम्बन्धित विवाद

पाठशाला

power and duties of arbitrator (मध्यस्थका अधिकार व कर्तव्य)

Rights

- पक्षहरूलाई उपस्थित बनाउने,
- " को परिक्षण गर्ने/बयान गर्ने,
- कागजात पेश गर्न लगाउने,
- साक्षी बकाउने,
- विशेषज्ञ नियुक्त गर्ने,
- प्रतिलिपी प्रमाणित गर्ने,
- निरिक्षण गर्ने,
- विशेष अधिकार प्रयोग गर्ने,
- वस्तु बिक्री गर्ने,
- आदेश दिने,
- बैंक जमानत लिने।

Duties

- न्यायिक निर्णय दिने,
- प्राकृतिक न्यायको सिद्धान्तको पालना,
- निष्पक्ष निर्णय गर्ने,
- खराब आचरण नगराउने,
- कुनै पक्षको वकिल वा प्रतिनिधि हुन नहुने,
- व्यक्तिगत स्वार्थ राख्न नहुने,
- समयमा निर्णय दिने,
- आफै काम गर्ने,
- अधिकार दिइएको प्रयोग गर्ने,
- निर्णय वा आधार सुनाउने,
- कागजात सुरक्षित राख्ने,
- बैठकमा नियमित उपस्थित हुने ।

Revocation of Arbitration (मध्यस्थताको खण्डन)

✓ पक्षहरूको खुशी
✓ अदालतको आदेशद्वारा

छलकपट, जालसाजी, अनुचित व्यवहार, पक्षपातपूर्ण व्यवहार, घुस तथा आर्थिक लाभ, एकतर्फी मानसिकता, मिलोमतो, जस्ता क्रियाकलाप भएको कुरा अदालतलाई मनासिब लागेमा मध्यस्थता खण्डन गर्न सक्छ ।

Arbitrator Award (निर्णय)

मध्यस्थताकालागी सुम्पिएको विषयवस्तुमा मध्यस्थ समितिले आफ्नो तर्फबाट दिने अन्तिम फैसलालाई

निर्णय भनिन्छ। निर्णय गर्दा मध्यस्थ समितिले निम्नानुसार विषयमा ध्यान दिनुपर्छ :

1. निर्णय दिने समयावधी, (१२० दिनभित्र) - कार्य प्रारम्भ गरेको १२० दिन
2. लिखित निर्णय,
3. निर्णयमा दस्तखत,
4. बहुमतले निर्णय दिनुपर्ने,
5. निर्णय अन्तिम रुपमा दिनुपर्ने,
6. निर्णय पढेर सुनाइनुपर्ने,
7. निर्णय दोहोऱ्याएर हेर्न नहुने,
8. मध्यस्थहरुको ठहर उल्लेख गर्ने।

(Pledge by nonowner - सोध्ने)

unit-8 Law of Company & Insolvent (कम्पनी र दामासाहि कानुन)

→ कम्पनी कानुनद्वारा जन्म भई सञ्चालन हुन्छ र निरन्तर रुपमा चलिरहन्छ। यदि कुनै कारणवस कम्पनीको समाप्ति गर्नपरेमा कानुनद्वारा नै समाप्त हुन्छ। यसकारण कम्पनी कानुनी व्यक्ति हो।

→ कम्पनी भन्नाले २ वा दुइ भन्दा बढि व्यक्तिहरुको समूह जुन व्यापारिक दृष्टिकोणले वुझ्दा कुनै वस्तु उत्पादन, खरिद बिक्री वा व्यवसाय सञ्चालन गर्न एउटै स्थानमा भेला भएका व्यक्तिहरुको समूहलाई कम्पनी भनिन्छ।

Date : 08 08 077

→ कम्पनी ऐन २०६३ मा, 'कम्पनी भन्नाले यस कम्पनी ऐन अन्तर्गत संस्थापना भएको कम्पनी सम्झनुपर्दछ।'

कम्पनीको आफ्नै नाम, छाप, सम्पत्ति, उत्तराधिकारवाला अधिकार आदि हुन्छ।

Justice James - सामान्य उद्देश्य पूर्तिका लागि एकीकृत व्यक्तिको समूह कम्पनी हो।
Evans Graff - कम्पनी भनेको आफ्ना सदस्यहरूको भन्दा अलग्ग अस्तित्व भएको कानुनी व्यक्ति हो।

Nature of company
1. legal personality (कानुनी व्यक्तित्व)
2. Separated legal entity (स्वतन्त्र अस्तित्व)
3. Limited Liability (सिमित दायित्व)
(अन्य सम्पतीबाट क्षतिपूर्ती गर्नु पर्दैन, कम्पनीको आफ्नो सम्पती मात्र घाटा हुन्छ)
4. Management (व्यवस्थापन) — Shareholder बाट छानिएका सञ्चालक समितिमा निहित हुने
5. Common Seal (साझा छाप)
6. capital (पूँजी)
7. Transferability of Share (हस्तान्तरणीय शेयर)
8. capacity to sue or being sued (मुद्दामामिला सम्बन्धी अधिकार)
9. perpetual succession (अविच्छिन्न उत्तराधिकार)

Page No.:
Date:

Incorporation of Company (कम्पनीको संस्थापना)

"जबसम्म कानुनी प्रक्रिया पुरा गरेर स्थापना हुदैन, तबसम्म कम्पनी स्थापना भएको हुदैन।"

→ उद्देश्य, छाप, नाम, प्रबन्धपत्र, विनियम, साझेदारको संख्या (A)

कुनै व्यक्ति वा समूह द्वारा व्यापार व्यवसाय वा उद्यम गर्न कानुनी प्रक्रिया पुरागरी स्थापना गरिने संस्था लाई कम्पनी भनिन्छ। कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन पुगेको १५ दिनभित्र दर्ता गरिसक्नुपर्छ।

आव२४ कुरा सम्पूर्ण गरे

public - ७ जना + ∞ } shareholders
private - 1 जना ⟷ ५० जना (बढीमा)

कम्पनी दर्ता गराउन A र आवश्यक कागजात संलग्न गरि निवेदन दिनुपर्छ।

दर्ता प्रक्रिया

(1) निवेदन

तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ। निवेदनको साथमा निम्न कागजातहरु जुनपर्छ.

- प्रस्तावित कम्पनीको प्रबन्धपत्र र विनियम,
- " प्रस्तावना
- सदस्यहरुबिच कुनै सम्झौता भए सम्झौतापत्र
- प्रचलित कानुन अनुसार कुनै खास प्रकारको व्यवसाय तथा कारोवार गर्ने कम्पनी भए सो बाधि कुनै संस्था वा निकाय को स्वीकृति लिनुपर्ने भए स्वीकृति
- नेपाली नागरिक संस्थापक भए नागरिकताको प्रमाणपत्र

पाठशाला

वर्तालीफी, संगठित संस्था संस्थापक भए दर्तापत्र, सञ्चालक समितीको निर्णय
- विदेशी व्यक्ति संस्थापक भए सम्बन्धित कानुनअनुसार त्यस्तो व्यवसाय नेपालमा सञ्चालन गर्न लिनुपर्ने अनुमतिपत्र र आफ्नो मुलुकको परिचय खुल्ने प्रमाणपत्र, संस्था संस्थापक भए सोहीको दर्ता प्रमाणपत्र र प्राप्त खोलन अनुमतिपत्र।

2. Inquiry (अनुसन्धान / छानविन) (१५ दिन)
नाम, छाप, उद्देश्य, कामसहित परेमध्ये, आवश्यक शर्त पुरा भए नभएको
3. दर्ता (certificate)
4. व्यवसाय सञ्चालन

## Types of Company Meeting (कम्पनी सभाका प्रकार)

✓ वार्षिक साधारणसभा (Annual General meeting)
✓ विशेष साधारण सभा (Special ,, ,, )
✓ प्रथम ,, (First General .. )

कानुनी व्यक्तिका रुपमा रहेपनी कम्पनी एक प्रकारको निर्जीव र निष्क्रिय व्यक्ति हो। यसले आफै काम गर्न सक्दैन, क्रियाशील बनाउन कम्पनीका शेयर सदस्यहरुले छनौट गरेको सञ्चालक समितिको महत्वपूर्ण भूमिका रहन्छ। कम्पनी सञ्चालनका लागि आवश्यक नियम विनियम बनाउन वा निर्णय गर्न कम्पनीको बैठक बस्नुपर्दछ।

पाठशाला

Page No. :
Date : 11 08 2077

# Legal formalities of General meeting
(वार्षिक साधारणसभाको कानुनी औपचारिकता)

१. समयसिमा

पहिलो साधारणसभा कम्पनी दर्ता भएको १ वर्षभित्र र वार्षिक साधारणसभा आ.व. समाप्त भएको ६ महिना

२. साधारणसभाको सूचना : साधारण सभा हुने मिति, स्थान, समय, छलफलको लागी प्रस्तुत हुने,
विशेष साधारणसभाको १५दिन / प्रस्तावहरु / २१दिन
३. गणपुरक संख्या : ५०% प्रतिनिधित्व हुनुपर्ने ।

| पटक | संख्या | |
|---|---|---|
| १) | २१ – ५०% | pass |
| २) | १५ – २५% | |
| ३) | ७ – भन्दा बढ्ने | |

४. साधारणसभाको सभापती = Board chief
५. साधारणसभामा छलफल / निर्णय .
६. सभाको विवरण
७. सम्बन्धित कार्यालयमा विवरण पठाउने

## Resolution (प्रस्ताव)

"वैधानिक तरिकाले बोलाईएको साधारन सभामा छलफलका लागी प्रस्तुत गरिने आवश्यक विषयलाई प्रस्ताव भनिन्छ।"

Date :

शेयर संख्या
साधारण प्रस्ताव :- सामान्य बहुमत / १/२ + १ भन्दा
विशेष प्रस्ताव :- दुईतिहाइ बहुमत ७५%

क. वार्षिक आर्थिक विवरण : अन्तिम मितिको वासलात, नाफानोक्सानको विवरण, नगद प्रवाहको विवरण

ख. सञ्चालक समितिको वार्षिक प्रतिवेदन : विगत वर्षको अनुमान र प्रगति, कम्पनीको हालको आर्थिक अवस्था, चालु वर्षको उपलब्धि, सञ्चालक समिति र व्यवस्था हेरफेर।

Auditor (लेखापरीक्षक)
कम्पनी वा संस्थाको आर्थिक विवरणको लेखाजोखा गर्ने नेपाल सरकारद्वारा मान्यता प्राप्त व्यक्तिलाई लेखापरीक्षक भनिन्छ।
नियुक्ति: १) साधारण सभाद्वारा
२) सञ्चालक समितिद्वारा
३) रजिष्ट्रारको कार्यालयद्वारा
४) महालेखा परीक्षकको कार्यालयद्वारा

लेखापरीक्षकको बर्खास्ती (Removal of Auditor) —
नियम विपरित काम गरेमा, पुनः नियुक्ति नभएमा, पदावधि सकिएमा, सञ्चालक समितिले हटाएमा, योग्यता नरहेमा, कुआचरणयुक्त नरहेमा, मृत्यु भएमा, प्रतिवेदन बुझाउन आलटाल गरेमा, विशेष प्रस्ताव पारित भएमा।

पाठशाला

धारात्मक ग्रन्थहरु

## लेखापरीक्षकको अधिकार

- हिसाब किताब माग गर्ने
- यथार्थ जवाफ माग्ने - पारिश्रमिक पाउने
- शाखा कार्यालय अवलोकन गर्ने - स्वतन्त्र रुपमा काम गर्ने
- विशेष साधारण सभा बोलाउने
- साधारण सभामा उपस्थित हुने
- गलत विवरण सच्याउने
- परामर्श सेवा लिन सक्ने

पाठशाला

## Liquidator (लिक्वीडेटर)

कम्पनी खारेजी गर्न साधारण सभा वा अदालतको आदेशद्वारा नियुक्त भएको फर्म वा अन्य व्यक्तिलाई लिक्वीडेटर भनिन्छ।

### Rights (अधिकार)

- कानूनी कारबाही अगाडि बढाउने,
- कारोबार चलाउने।
- सम्पत्ति लिलाम वा बिक्री,
- लिखत तथा विशेष कारोबार गर्ने,
- सम्पत्ति धितो राख्ने।
- कर्मचारी नियुक्ति गर्ने,
- ऋण लिने,
- मुद्दा मामिला गर्ने,

### कर्तव्यहरु (Duties)

- कार्यालयमा हिसाब किताब पेश गर्ने
- दायित्व चुक्ता गर्ने
- शेयर रकम भुक्तानीको विवरण तयार गर्ने,
- शेयर रकम भुक्तानी गर्ने,
- जाँचबुझ गर्ने।
- प्राथमिकताको आधारमा ऋण भुक्तानी गर्ने,
- साहुहरुको सभा बोलाउने,
- कम्पनी खारेजीको घोषणा गर्ने वातावरण तयार गर्ने,
- कम्पनी खारेजीको विवरण पेश गर्ने
- कम्पनी खारेजीको आदेश - खारेजीको जानकारी कार्यालयमा पठाउने

पाठशाला